आज मिति २०७५ साल भाद्र १ गते का दिन यस रासी सोनारी गाउँ कार्यपालिकाको बैठक अध्यक्ष श्री लाहुराम थारुज्यूको अध्यक्षतामा निम्न पदाधिकारीहरुको उपस्थितिमा बसी निम्न बमोजिमका निर्णयहरु गरियो ।

उपस्थिति

| क्र.सं. | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १. | श्री लाहुराम थारू | अध्यक्ष | |
| २. | श्री धनिकुमारी खत्री | उपाध्यक्ष | |
| ३. | श्री चन्द्र बहादुर वली | १ नं वडा अध्यक्ष | |
| ४. | श्री मदन कुमार वली | २ नं वडा अध्यक्ष | |
| ५. | श्री गंगाराम थारु | ३ नं वडा अध्यक्ष | |
| ६. | श्री कान्छा थारु | ४ नं वडा अध्यक्ष | |
| ७. | श्री झगरु थारु | ५ नं वडा अध्यक्ष | |
| ८. | श्री जनक बहादुर थारु | ६ नं वडा अध्यक्ष | |
| ९. | श्री रामलखन थारु | ७ नं वडा अध्यक्ष | |
| १०. | श्री खुम बहादुर बस्नेत | ८ नं वडा अध्यक्ष | |
| ११. | श्री महावीर वली | ९ नं वडा अध्यक्ष | |
| १२. | श्री नैना कुमारी खत्री | कार्यपालिका सदस्य | |
| १३. | श्री मिना कुमारी बिष्ट | कार्यपालिका सदस्य | |
| १४. | श्री लिला नेपाली | कार्यपालिका सदस्य | लिला |
| १५. | श्री दमकला जैसी | कार्यपालिका सदस्य | |
| १६. | श्री पतरी दमाई | कार्यपालिका सदस्य | |
| १७. | श्री देवराज कुमाल | कार्यपालिका सदस्य | |
| १. | श्री टोपेन्द्र बहादुर के.सी. | प्रमुख प्रशासकीय अधिकृत (उप सचिब) | |

टोपेन्द्रबहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत
उप सचिव

टोपेन्द्रबहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत
उप सचिव

निर्णय नं. १

जिल्ला प्रशासन कार्यालय बाँकेको च.नं. ५७६ मिति २०७५/०४/३० को नदी जन्य पदार्थको उचित सरक्षण गर्ने गराउने सम्बन्धित पत्रको सन्दर्भमा बैठकमा छलफल भयो । उक्त पत्रबाट लेखि आए बमोजिम यस राप्ती सोनारी गाउँपालिका क्षेत्र भित्र गत वर्षको स्टक रहेको भनि नदी जन्य पदार्थ निकासी भई रहेको हुँदा कुन, कुन स्थानमा के कति परिमाणमा ढुंगा, गिट्टी, बालुवा जस्ता नदी जन्य पदार्थहरुको स्टक रहेको छ र आयन्दा नदी जन्य पदार्थ निकासी गर्नका लागि यस गाउँपालिका संग समन्वय गरेर मात्र निकासी गर्न भनि लेखि जिल्ला समन्वय समिति बाँकेलाई पठाउने । साथै सम्बन्धित वडा कर्यलायाहरुले आफ्नो वडा क्षेत्र भित्र ढुंगा, गिट्टी, बालुवाको अबैध निकासीलाई नियन्त्रण गर्ने ।

निर्णय नं. २

राप्ती सोनारी गाउँपालिका भित्रका स्वास्थ्य चौकीहरुमा र अन्य थप स्थानमा समेत स्वास्थ्य सेवा प्रदान गर्नका लागि जनशक्ति अभाबले सेवा प्रवाहमा कठिनाई भएको हुँदा सो को लागि आवश्यक जनशक्ति व्यवस्थापन तथा भर्ना सम्बन्धमा कुन, कुन स्थानमा कुन, कुन पदको कति जनशक्ति आवश्यक पर्ने हो सो को एकिन गरी आवश्यक जनशक्तिको संख्या सम्बन्धमा अध्ययन गरी पेश गर्न यस कार्यालयका स्वास्थ्य संयोजकलाई जिम्मा दिने ।

निर्णय नं. ३

गाउँपालिका क्षेत्र भित्र विभिन्न स्थनहरुमा हालैको बर्षको कारणले बाटोघाटो भत्किएकाले आवतजावतमा समेत समस्या उत्पन्न भएको हुँदा त्यसरी बिग्रेको बाटोघाटोमा विपत व्यवस्थापन सिर्शकको विनियोजित रकमबाट खर्च हुने गरी तत्काल सम्बन्धित वडा कार्यालयहरुले आवश्यक ठाउँहरुमा मर्मत तथा ग्रेवल गर्ने ।

२०७५।५।१

लाहुराम थारु
अध्यक्ष

टोपेन्द्रबहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत
उप सचिव